नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.

# सूचना

विद्यमान हवाई नीति, २०६३ लाई समयसापेक्ष परिमार्जनका लागि तयार भएको हवाई नीति, २०८२ को प्रारम्भिक मस्यौदा उपर सरोकारवालाहरुसँग राय/सुझावहरु संकलन गर्ने प्रयोजनार्थ मन्त्रालयका प्रतिनिधि र सरोकारवाला निकायहरुको सहभागितामा मिति २०८२।३।१३ गतेका दिन सम्पन्न भएको छलफल कार्यक्रममा देहाय बमोजिमका राय/प्रतिकृया/सुझावहरु प्राप्त भएका छन् । प्राप्त सुझावहरुमा कसैको राय/प्रतिकृया भए अथवा यस मन्त्रालयको वेबसाइटमा राखिएको प्रारम्भिक मस्यौदा उपर कुनै राय/सुझाव भए मिति २०८२/३/२७ गतेभित्र यस मन्त्रालयमा प्राप्त हुनेगरी लिखित रुपमा वा *aviation@tourism.gov.np* मा उपलब्ध गराइदिनुहुन सरोकारवाला सबैलाई सूचित गरिन्छ ।

हालसम्म प्राप्त सुझावहरुः

१. नीतिको नाम- नेपालको हवाइ नीति हुनुपर्ने ।
२. Air Navigation Service Provider को हकमा नेपाल नागरिक उड्डयन प्राधिकरण मात्र नभई दुर्गमका विमानस्थलहरुमा निजी सेवा प्रदायकहरुलाई पनि सहभागि गराउनुपर्ने ।
३. भविष्यमा हुने ट्राफिक वृद्धिलाई समेत दृष्टिगत गर्दै दुरगामी हिसाबमा नीति निर्माण गरिनुपर्ने। अबको दश वर्षमा Double हुने हवाई ट्राफिकलाई कसरी सम्बोधन गर्ने हो, नीतिमा केही आउनुपर्ने ।
४. नेपाली आकाश अहिले अन्तर्राष्ट्रिय एयर रुट नेटवर्कबाट Isolation मा रहेको अवस्थामा भएको। अन्तर्राष्ट्रिय हवाई सञ्जालमा नेपालका हवाई रुटहरुलाई समावेश गर्ने हिसाबको रणनीति समेत थप हुनुपर्ने ।
५. सिङ्गल ईन्जिन वायुयानको प्रयोगको विषय स्पष्ट हुनुपर्ने ।
६. त्रि.अ.वि बाट विमानहरु divert गर्नुपर्दा अझैपनि भारतका विमानस्थलमा जानुपर्ने बाध्यता रहेको सन्दर्भमा पूर्ण क्षमताको विमानस्थल निर्माणको आवश्यकता सम्बन्धि विषय स्पष्ट हुनुपर्ने ।
७. Civil Aviation Academy सम्बन्धि व्यवस्था उल्लेख हुनुपर्ने ।
८. विमानस्थलमा प्रदान गरिने Ground Handling Service कसले प्रदान गर्ने भन्ने विषयमा यथोचित सम्बोधन हुनुपर्ने ।
९. नीजि क्षेत्रलाई सहजीकरण गर्ने किसिमको नीति लिनुपर्ने ।
१०. तीन तहको सरकारको समन्वय कस्तो हुन्छ? उल्लेख गर्नु उपयोक्त हुने ।
११. वायुयानको उमेरका आधारमा निर्धारिण गरिएको आयात प्रतिवन्ध हटाउनुपर्ने।
१२. वायुयान प्राप्तिका लागि सरल वातावरण बनाइनुपर्ने, खोज तथा उद्दार कार्य भरपर्दो हुनुपर्ने, निषेधित क्षेत्रका उडानहरुको स्वीकृतिमा One door Policy हुनुपर्ने।
१३. वायुसेवा संस्थाहरुलाई fleet expansion मा एकै प्रकारको वायुयान ल्याउन प्रोत्साहन गर्नुपर्ने।
१४. वायुसेवा संस्थाहरुलाई मर्जरका लागि प्रोत्साहन गर्ने विषयमा पुनरावलोकन गर्नु उपयुक्त हुने।
१५. नीति कार्यान्वियन समिति आवश्यक नरहेको, यसलाई हटाउनुपर्ने।

१६. 5th freedom traffic right को विषयमा वायुसेवा तथा विमानस्थल सञ्चालक दुबैको पक्षबाट सोच्नुपर्ने ।

१७. उड्डयन क्षेत्रमा रहेका नियामक वा सेवा प्रदायक, कुनैपनि संस्थाहरुको आर्थिक अवस्था राम्रो नरहेको हुँदा सुधारको विषय उल्लेख गर्नु उपयुक्त हुने ।

१८. हवाई नीति, २०६३ मा उल्लेख भएको संचालन प्रणाली एकिकृत गर्ने विषयलाई कार्यान्वियन गर्नुपर्ने। मन्त्रालयको इजाजतपत्र र प्राधिकरणको AOC लिनुपर्ने प्रावधानलाई बरु नेपाल सरकारको राजश्व नघट्ने गरी एक निकायबाट मात्र अनुमति लिने व्यवस्था गरिनुपर्ने ।

१९. विमानस्थलको नीजिकरणको विषय सम्बोधन हुनुपर्ने ।

२०. नागरिक उड्डयन सेवालाई पर्यटनसँग मात्र जोड्ने होइन, यातायातको माध्यमका रुपमा चित्रण हुनुपर्छ ।

२१. समग्र यातायात प्रणआलीमा हवाई यातायातलाई आवद्ध गर्नेगरी नीतिगत व्यवस्था हुनुपर्ने ।

२२. वायुसेवाहरुसँग एकदमै कम मात्रामा वायुयानहरु भएकाले दिगोपनाका लागि वायुयान आयात सहज बनाउनुपर्ने ।

२३. नयाँ जहाज ल्याउने संस्थालाई subsidy दिनुपर्ने ।

२४. सरकारले import subsidy मात्र नभई Operational subsidy नै उपलव्ध गराउनुपर्ने अवस्था रहेको ।

२५. हवाई भाडा तत्काल पुनरावलोकन हुनुपर्ने, नीतिमा यो विषय पनि आउनुपर्ने ।

२६. सबै निकायको सोचको केन्द्रविन्दुमा यात्रु हक अधिकारको सुनिश्चितता हुनुपर्दछ। सो का लागि Mechanism हुनुपर्यो ।

२७. Aircraft Leasing Business लाई समेत प्रवर्धन गर्ने नीति लिनुपर्ने ।

२८. लगानी र जोखिम निकै उच्च भएकाले हवाई क्षेत्रले Manufacturing sector ले जस्तै subsidy पाउनुपर्ने ।

२९. होटललाई उद्योग मान्यता छ, त्यस्तै Airlines लाइ पनि हुनुपर्ने ।

३०. वायुयान तथा पार्टपुर्जा आयातमा भ्याट लगाउन नहुने, Spare parts को import duty कम गर्ने गरी नीति ल्याउनुपर्ने ।

३१. पर्यटन प्रवर्धनका लागि Charter flight लाई प्राथमिकता दिने नीतिगत व्यवस्था हुनुपर्ने।

३२. नचलेका विमानस्थलमा विविध उड्डयन क्रियाकलापहरुलाई प्रवर्धन गर्नुपर्ने ।

३३. विमानस्थल सञ्चालनमा नीजि क्षेत्रको सहभागितालाई प्रवर्धन गर्नुपर्ने । गन्तव्य लक्षित विमानस्थलहरुको निर्माणमा जोड दिनुपर्ने ।

३४. मानव संशाधनको विकासका लागि शैक्षिक संस्था, विश्वविद्यालय, नागरिक उड्डयन सम्बद्ध संस्थाहरुको तालमेल हुनेगरी काम गर्ने र नागरिक उड्डयन सम्बन्धि तालिमहरुलाई विश्वविद्यालयको कार्यक्रमहरुसँग जोड्ने नीति लिनुपर्ने ।

३५. मनोरञ्जनात्मक वायुसेवालाई छुट्टै Airspace को व्यवस्था गर्नुपर्ने ।

३६. ड्रोन निर्माण, सञ्चालन सम्बन्धि विषयवस्तु समावेश हुनुपर्ने ।

३७. हवाई सेवा सम्झौताका प्रावधानहरु उदार हुनुपर्ने ।

पत्र संख्याः
च.नं.

३८. वायुसेवाहरुलाई Seasonality based subsidies उपलब्ध गराउनुपर्ने ।

३९. यात्रुसँग उठाएका कर/दस्तुर/शुल्क आदि यात्रुकै हकहितका लागि उपयोग गर्ने नीति बन्नुपर्ने ।

४०. Business Class र Economy class का यात्रुहरुलाई फरक फरक करको व्यवस्था गर्न सकिने ।

४१. नेपालको संविधान बमोजिमका शव्दहरु प्रयोग हुनुपर्ने ।

४२. नीतिले Digital framework लाई समेत Integrate गर्नुपर्ने ।

४३. नागरिक उड्डयन कुटनीति के लक्षित हो? खुल्ने गरि उल्लेख हुनुपर्ने ।

४४. नेपाल नागरिक उड्डयन प्राधिकरणको oversight को भुमिकालाई मन्त्रालयले अनुगमन गर्न सक्ने संयन्त्रको विकाश गर्नुपर्ने ।

४५. VAT को विषयलाई यथोचित रुपमा सम्बोधन गर्नुपर्ने ।

४६. कुनै वायुसेवा संस्था चल्न नसकेर बन्द भयो भने सोको कारण तथा अन्य विषय हेरी आवश्यक भए प्रणालिमा सुधारका लागि पहल हुनुपर्ने ।

४७. उड्डयन क्षेत्रलाई लगानीमैत्री बनाउन क्षेत्रीय यातायत संजालसँग आवद्ध गर्ने लगायतका विषयहरुलाई समेत हेर्नुपर्ने ।

४८. नेपालमा सेवा संचालन गरिरहेका अन्तर्राष्ट्रिय वायुसेवाका हकमा नीतिको मस्यौदाले सम्बोधन गर्नुपर्ने ।

४९. नयाँ एयरपोर्टमा सेवा संचालन गर्दा Route Sustainability का लागि केही वर्ष लाग्ने हुँदा आकर्षक अनुदानको व्यवस्था गरिनुपर्ने।

५०. यात्रुहरुको हक हितका सम्बन्धमा उदार नीति ल्याइनुपर्ने।

५१. त्रि.अ.वि. बाहेकका विमानस्थलहरुको सुरक्षा (Security) स्तर फितलो रहेको हुँदा सोमा ध्यान दिनु पर्ने।

५२. विमानस्थल संचालनका लागि व्यवस्थापनका modality हरुमा गृहकार्य गरिनुपर्ने।

रामकृष्ण लामिछाने
प्रवक्ता